Sealed Tender Form for the Supply of

**"Medical Equipment"**

in AMDA Hospital

Damak, Jhapa

(ID No.: 006176/AMDA/AH/2018)

**AMDA - Nepal**

Central Office, Jorpati, Kathmandu

Phone No.: 01 - 4910235 / 4911140

Fax No.: 01 – 4911141

E-mail: amda@amda.org.np

## SUPPLIERS' PROFILE

Name of Company / Firm: ……………………..……………………………………………..

Company/Firm Registration No: ………………………………………..……………………….

Address: ……………………………………..………..……………………………………

Phone No. : ………………….……………… Fax No.: ………………………………………….

E-mail: ……………………………………...…………………………………………………

Web site: ………………………………………………………………………………………

Type of Transaction: Retailer/Stockiest/Supplier/Manufacturer
Others (specify)…………………………………………………

Mailing Address:
……………………………………………………………………………….
……………………………………………………………………………….
……………………………………………………………………………….
……………………………………………………………………………….
VAT/PAN No: ………………………………………………………………

Validity/Expiry of PAN/VAT Certificate: …………………..……………

I/We confirm the accuracy of the information given in the sealed tender document and fully responsible to supply the items as cited under the following terms & condition.

Signature: Stamp:

Name of Proprietor:

Date

# आम्दा नेपाल

# शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

(सूचना नं. 006176/AMDA/AH/2018)

**(प्रथम पटक प्रकाशित मितिः २०७५।०८।०१)**

आम्दा नेपाल अन्तर्गत सञ्चालित आम्दा अस्पताल, दमक झापाको प्रयोजनको लागी मेडिकल उपकरण खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना (सूचना नं. 006176/AMDA/AH/2018) प्रकाशित भएको मितिले १५ दिन भित्र गोकर्णेश्वर ६, जोरपाटी स्थित आम्दा नेपालको केन्द्रीय कार्यालयमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

यस सूचना सम्बन्धि बिस्तृत जानकारीको लागी आम्दा नेपालको वेभसाईट www.amda.org.np वा निम्न ठेगानामा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

**शर्तहरुः**

१. ईच्छुक बोलपत्र/दरभाउपत्र खरिद कर्ताले बोलपत्र/दरभाउपत्र फारम खरिदका लागी रु. २,०००।०० (अक्षेरुपी दुई हजार मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७४।७५ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि वा आ.व. २०७३/७४ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि सहित म्यादथप पत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निवेदन दिई आम्दा अस्पताल, दमक, झापा र आम्दा नेपाल केन्द्रीय कार्यालय, गोकर्णेश्वर ६, जोरपाटी, काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलवन्दी बोलपत्र/दरभाउपत्र पेश गर्दा शिलवन्दी खामको बाहिर फर्म/कंपनीको नाम, ठेगाना, सम्पर्क टेलिफोन नंम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । शिलवन्दी खाममा आफुले आपुर्ति गर्न चाहेको सरसामानको नाम र सूचना नम्बर र समुह प्रष्टसँग लेखिएको हुनुपर्नेछ ।

३. रितपूर्वकको शिलवन्दी बोलपत्र/दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् मिति २०७५।०८।१४ गते दिनको २।३० बजे भित्र आम्दा नेपाल केन्द्रीय कार्यालय जोरपाटीमा पेश गरिसक्नु पर्ने छ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ ।

४. बोलपत्र/दरभाउपत्रको साथमा आफूले कबोल गरेको कुल अनुमानित रकमको २.५ प्रतिशतले हुन आउने बरावर रकम कम्तिमा मिति २०७५ फाल्गुण १५ गते सम्मका लागि मान्यहुने आम्दा नेपालको नाममा जारी भएको बिडवण्ड (बैंक ग्यारेन्टी) संलग्न हुनुपर्ने छ । तोकिए वमोजिमको विडवण्ड समाबेश नगरी बोलपत्र/दरभाउपत्र पेश गरेमा संवन्धित फर्म/कंपनीलाई कालो सुचिमा राख्न सकिनेछ । आपुर्तिकर्ता (बोलपत्र/दरभाउपत्रदाता) छनौट भई सूचना जारी भएको सात दिन भित्र स्विकृत रकम भ्याट समेत स्वीकृत रकमको जम्मा ५ प्रतिशत (पाँच प्रतिशत) का दरले हुन आउने रकम बराबरको एक वर्ष मान्य हुने गरी आम्दा नेपालको नाममा जारी भएको परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) सहित आम्दा नेपालसँग संझौता गरिसक्नु पर्नेछ, अन्यथा विडवण्ड जफत हुनेछ ।

५. बोलपत्र/दरभाउपत्र फारम भर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सही छाप गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले सही छाप गरेको हुनुपर्नेछ । त्यस्तो नभएको पाइएमा बोलपत्र फारम रद्द गरिनेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शूल्कहरु दररेटमा समाबेश भएको मानिनेछ ।

बोलपत्रदाता/दरभाउपत्र दाताले तोकिएको सामान आपूर्ति दिनु पर्ने स्थान, अवधि आदिको पूर्ण विवरण वुझी जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपालले दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको सामानहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिए वमोजिमको गुणस्तरीय सामान आपूर्ति गर्न नसकेमा समेत परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) जफत हुनेछ ।

६. शिलबन्दी बोलपत्र/दरभाउपत्रका साथ अध्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०७४।७५ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि वा आ.व. २०७३/७४ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि सहित म्यादथप पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभवपत्रको प्रमाणित प्रतिलिपि, स्वघोषणा पत्र, कम्पनी/उत्पादकले दिएको वस्तु/सेवा बिक्रेताको आधिकारिक पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

७. अन्य शर्त तथा कार्यविवरण बोलपत्र/दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र/दरभाउपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपालले संशोधन गर्न सक्नेछ ।

८. शिलबन्दी बोलपत्र/दरभाउपत्रहरु मिति २०७५।०८।१४ गते दिउँसो २।३० बजे बोलपत्र/दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपालको केन्द्रीय कार्यालय, जोरपाटी, काठमाडौंमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन सोही स्थानमा दिनको १० बजे खोलिनेछ । बोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाउपत्र खोल्न वाधा पुग्ने छैन ।

९. रितपूर्वक प्राप्त नभएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. खरिद संझौता बि.स. २०७६ असार मसान्त सम्मको लागी मान्य हुने गरि गरिनेछ । संझौता अवधिभर शिलवन्दी दरभाउपत्र/बोलपत्रमा उल्लेखित प्रस्तावको दर तथा विवरण परिवर्तन मान्य हुने छैन ।

११. छनौट भएको बोलपत्र/दरभाउपत्रदाता अर्थात् आपूर्तिकर्ता र आम्दा नेपाल बिच संझौता सम्पन्न हुना साथ आम्दा नेपाल वा आम्दा नेपाल अन्तर्गत सञ्चालित परियोजना/अस्पतालले खरिद आदेश जारी गर्न सक्नेछ । आम्दा नेपालले जारी गरेको खरिद आदेश वमोजिम तोकिएको स्थानमा ४५ दिन भित्र तोकिए वमोजिमका सम्पूर्ण बस्तु, सेवा तथा सरसामानहरु आपूर्तिकर्ताले पूर्णरुपमा बुझाउन नसकेमा परफरमेन्स वोण्ड जफत गर्न सक्ने छ वा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।

१२. विषेश अवस्थामा आम्दा नेपाल र आपूर्तिकर्ता बिच संझौता सम्पन्न भई आम्दा नेपालले खरिद आदेश जारी गरेपछि आपूर्तिकर्तालाई अग्रिम भुक्तानी (Advance Payment) आवश्यक परेमा खरिद आदेशमा उल्लेखित भ्याट समेत जम्मा कुल रकम बराबरको आम्दा नेपालको नाममा जारी भएको 'एड्भान्स पेमेन्ट ग्यारेन्टी' पेश गर्नुपर्नेछ । एड्भान्स पेमेन्ट ग्यारेन्टीको बढिमा असी प्रतिशत रकम "एड्भान्स पेमेन्ट" दिन सकिनेछ । आपूर्तिकर्ताले संझौताको शर्तहरु पालना गर्न वा तोकिएको समय सम्ममा सामानको आपूर्ति गर्न असमर्थ भएमा आम्दा नेपालले परफरमेन्स बोण्ड र एड्भान्स पेमेन्ट ग्यारेन्टी दुवै जफत गर्नेछ ।

१३. आयु तोकिएको बस्तु, सेवा वा सरसामानहरुको हकमा, आम्दा नेपालले सो बस्तु, सेवा वा सरसामानहरु प्राप्त गर्दाको दिनमा सो को जम्मा आयु अवधि कम्तिमा असि प्रतिशत वाँकी रहेको हुनुपर्नेछ ।

१४. आम्दा नेपाललाई आपूर्ति गर्ने बस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिङ्ग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त सरसामान स्विकार गरिने छैन । आम्दा नेपालले आपूर्तिकर्ताबाट प्राप्त सरसामानहरुको परिक्षण प्रतिवेदन पास नगर्दासम्म सरसामानहरुको क्षति हुन पुगेमा सो को जिम्मेवारी आपूर्तिकर्ताले लिनु पर्नेछ ।

१५. आपूर्तिकर्ताले खरिद आदेशमा तोके वमोजिम आपूर्ति नगरेको खण्डमा उक्त बस्तु, सेवा वा सरसामानहरु स्विकार हुने छैन र उपरोक्त काममा हुने समयको अनावश्यक खर्चको सोधभर्नाको लागि हरेक पटक बीस प्रतिशतका दरले जरिवाना गर्न सक्नेछ । त्यस्तो जरिवाना रकम नगद वा परफरमेन्स वोण्डबाट असुल उपर गर्न सकिनेछ ।

१६. आम्दा नेपालले तोकेको समयभित्र तोकिएका बस्तु, सेवा वा सरसामानहरु आपूर्तिकर्ताले बुझाउन नसकेमा आम्दा नेपालले अन्य पक्षसँग उक्त बस्तु, सेवा वा सरसामानहरु खरिद गर्न सक्नेछ । आम्दा नेपालले अन्य आपूर्तिकर्ताबाट खरिद गरेको सरसामानहरुको सम्पूर्ण मूल्यको जरिवाना वा बैंक ग्यारेन्टी (परफरमेन्स वोण्ड) जफत गरि आपूर्तिकर्तासँग भएको संझौता भङ्ग गर्न सक्नेछ ।

१७. आम्दा नेपालले जारी गरेको खरिद आदेश वमोजिम सम्पूर्ण बस्तु, सेवा तथा सरसामानहरु तोकिएको स्थानमा बुझाई सके पश्चात् समेत सोको परिक्षण पछि मात्र नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१८. आपूर्तिकर्ताले संझौता वदर गर्न चाहेमा कम्तिमा तीन महिना अगावै लिखित सुचना दिनुपर्नेछ अन्यथा आम्दा नेपालले परफरमेन्स वोन्ड जफत गर्नेछ । संझौता बदरको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित रहनेछ ।

१९. संझौता सम्पन्न गर्दा तोकिएका बस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, दरभाउपत्र/बोलपत्र साथ पेश गरे वमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

२०. दरभाउपत्र/बोलपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपालमा सुरक्षित रहनेछ ।

बोलपत्र/दरभाउपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**<u>सम्पर्क राख्ने ठेगाना</u>**

| | |
|---|---|
| आम्दा अस्पताल | आम्दा नेपाल |
| दमक, झापा | गोकर्णेश्वर-६, जोरपाटी ,काठमाडौं |
| फोन नं. ०२३-५८०१८६ | फोन नं. ०१-४९१०२३५, ४९१११४० |
| ah.damak@amda.org.np | इमेलः amda@amda.org.np |

आम्दा नेपालको उपरोक्त सूचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु /गर्दछौं ।
संस्थापक वा आधिकारीक पदाधिकारीको नामः ..................................................................
हस्ताक्षरः .....................................................................
मितिः ............................
फर्म/कंपनीको छापः